आज मिति २०७७ साल श्रावण ३२ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री भूपेन्द्र थापाज्यूको अध्यक्षता तथा प्रतिनिधि सभाका सदस्य माननीय श्री गजेन्द्र बहादुर महतको विशेष उपस्थितिमा जिल्ला प्रशासन कार्यालय, जुम्लामा विपद् व्यवस्थापन समितिको बैठक बसी देहायको निर्णय गरियो ।

**विशेष आमन्त्रित:**

१) माननीय श्री गजेन्द्र बहादुर महत - प्रतिनिध सभा सदस्य , जुम्ला ।
२) माननीय श्री गोमा कुँवर - भू.पू. राज्यमन्त्री ।
३) माननीय श्री डिल्ली प्रसाद काफ्ले - संविधान सभा सदस्य, जुम्ला ।
४) माननीय श्री पदम रोकाय - प्रदेश सभा सदस्य, जुम्ला ।
५) माननीय श्री दीनबन्दु श्रेष्ठ - प्रदेश सभा सदस्य, जुम्ला ।

**उपस्थित:**

| सि. नं. | कार्यालय | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १) | जिल्ला प्रशासन कार्यालय, जुम्ला | भूपेन्द्र थापा | प्र.जि.अ. | |
| २) | जिल्ला समन्वय समिति, जुम्ला | कार्मा बुढा | का.वा.प्रमुख | |
| ३) | चन्दननाथ नगरपालिका | कान्तिका सेजुवाल | प्रमुख | |
| ४) | तातोपानी गाँउपालिका, जुम्ला | नवराज न्यौपाने | अध्यक्ष | |
| ५) | तिला गाँउपालिका, जुम्ला | रतननाथ योगी | अध्यक्ष | |
| ६) | हिमा गाँउपालिका, जुम्ला | रज बहादुर शाही | अध्यक्ष | |
| ७) | कनकासुन्दरी गाँउपालिका, जुम्ला | नरविर रावत | अध्यक्ष | |
| ८) | पातारासी गाँउपालिका, जुम्ला | लछिमन बोहोरा | अध्यक्ष | |
| ९) | गुठिचौर गाँउपालिका, जुम्ला | हरि बहादुर भण्डारी | अध्यक्ष | |
| १०) | सिंजा गाँउपालिका, जुम्ला | देवल सिंह रावल | अध्यक्ष | |
| ११) | नन्दा बक्स गण, जुम्ला | दिवाकर रायमाझी | प्र.से. | |
| १२) | जिल्ला प्रहरी कार्यालय, जुम्ला | लाल ब. धामी | प्र.ना.उ. | |
| १३) | सशस्त्र प्रहरी बल नं.३३, जुम्ला | गगन श्रेष्ठ | स.प्र.ना.उ. | |
| १४) | राष्ट्रिय अनुसन्धान कार्यालय, जुम्ला | राम शंकर के.सी. | प्र.अ.अ. | |
| १५) | नेकपा पाटी, जुम्ला । | | अध्यक्ष/प्रतिनिधि | |
| १६) | नेपाली काङ्ग्रेस, जुम्ला । | कालीबहादुर बुढा | अध्यक्ष/प्रतिनिधि | |
| १७) | नेमकिपा, जुम्ला । | डिल ~~[illegible]~~लाल डाँगी | अध्यक्ष | |
| १८) | रा.प्र.पा., जुम्ला । | | अध्यक्ष/प्रतिनिधि | |
| १९) | कर्णाली स्वा. वि. प्रतिष्ठान, जुम्ला | विश्वराज काफ्ले | रजिष्ट्रार | |
| २०) | जिल्ला जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | कृष्ण सापकोटा | ज. स्वा. अ. | |
| २१) | डिभिजन सडक कार्यालय, जुम्ला | सन्तोष भण्डारी | ईन्जिनियर | |
| २२) | सिचाई तथा उर्जा विकास कार्यालय, जुम्ला | नेत्र रेग्मी | सब.ई. | |
| २३) | गैह सरकारी संस्था महासंघ, जुम्ला | अम्मर रोकाया | अध्यक्ष | |
| २४) | जुम्ला उद्योग वाणिज्य संघ, जुम्ला | रज्जब अलि मनियार | अध्यक्ष | |
| २५) | नेपाल पत्रकार महासंघ, जुम्ला | नेत्रराज शाही | उपाध्यक्ष | |
| २६) | जिल्ला प्रशासन कार्यालय, जुम्ला | ओम प्रकाश देवकोटा | स.प्र.जि.अ | |
| २७ | नागरिक समाज, जुम्ला | राज ब. महत | अध्यक्ष | |
| २८ | रेडक्रस, जुम्ला | नरवीर सुनार | कोषाध्यक्ष | |

निर्णयहरू:-

नि.नं. १. प्रत्येक वर्ष बाढी पहिरो, चट्याङ, आगलागी, हावाहुरी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपहरूले गर्दा यस जिल्लामा पनि ठुलो क्षति तथा नोक्सान हुने गरेको हुँदा उक्त क्षतिलाई न्यूनीकरण गर्नका लागि गत वर्षहरूमा यस जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिसक्को हुदाँ उक्त योजना यस आ.व.२०७७/०७८ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना सर्वसहमतिले अनुमोदन गर्ने निर्णय गरियो।

नि.नं. २. जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७ बैशाख १५ गतेको निर्णय बमोजिम COVID-19 बाट संक्रमित बिरामीलाई अस्पताल ल्याउन र लैजानको लागि भाडा व्यवस्थापन गर्ने र आवश्यकताको आधारमा अन्य भाडाको लागि सबै पालिकाहरूले एम्बुलेन्स प्रयोग भए पनि या नभए पनि रू ५०/५० हजार तत्कालको लागि एम्बुलेन्सको लागि छुटाउने निर्णय गरिएकोमा हालको आवश्यकताको आधारमा त्यो छुटाएको रकम अपुग हुने देखिदाँ सबै पालिकाबाट थप रू ६०/६० हजारका दरले राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, जुम्लामा रहेको दरबारमालिका खाता नं. ४०३००४८९३१० मा जम्मा गर्ने निर्णय गरियो।

नि.नं. ३. जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७/०२/०३ गतेको निर्णय वमोजिम कोभिड-१९ बाट संक्रमित बिरामीलाई अस्पताल ल्याउन र लैजानको लागि सवारी साधन भाडामा लिई संचालन गरेकोमा उक्त सवारी साधनलाई स्थानीय तहबाट प्राप्त रकम गाडी मालिकलाई भाडा बुझाईएको तर गाडी चालक राम प्रसाद खत्रीले प्रोत्साहन भत्ता माग गरेको हुदाँ उक्त भत्ता दिनको लागि बाँकि रकमबाट रू.१०,०००।००(दश हजार) मात्र दिने निर्णय गरियो।

नि.नं. ४. यस जिल्लामा भारत लगायत तेस्रो मूलुकबाट भित्रिएका मानिसहरूलाई क्वारेन्टाईनमा राख्ने क्रममा छिमेकी जिल्ला मुगु र हुम्लाका २ जना व्यक्ति यस जिल्लामा आए पश्चात निजहरूलाई क्वारेन्टाईनमा राखी चेकजाँच पछि नेगेटिभ रिपोर्ट प्राप्त भएपछि उनीहरूलाई आ-आफ्नो घरमा फिर्ता गर्नको लागि यस समितिले रू.२६००।००का दरले दुई जनालाई गाडी भाडा वापत एकमुष्ट रू.५२००।००(पाँच हजार दुई सय) मात्र उपलव्ध गराउने निर्णय गरियो।

नि.नं. ५. जिल्ला भित्र विपद् घटना घटे पश्चात तत्काल उद्दार र प्रतिकार्यको लागि आवश्यक पर्ने सामाग्री जिल्लास्तर विपद् व्यवस्थापन समितिले र पालिका स्तरमा स्थानीय विपद् व्यवस्थापन समितिले सामाग्री र जनशक्ति रोष्टर तयार गरी प्रभावकारीरूपमा परिचालन गर्ने निर्णय गरियो।

नि.नं. ६. जिल्ला भित्र अधिक वर्षातका कारण घट्न सक्ने विपद्का घट्ना जस्तैः बाढी, पहिरो, भुक्ष्य नियन्त्रण गर्न सम्वन्धित स्थानीय तहले वडा स्तरमा तत्काल उद्दार/प्रतिकार्य टोली १५ जनाको तयार गरी परिचालन गरी उद्दार र प्रतिकार्य गर्न स्थानीय विपद् व्यवस्थापन समितिले जिल्ला विपद् व्यवस्थापन समितिसँग आवश्यक समन्वय, सहजीकरण र सहकार्य गर्ने निर्णय गरियो।

नि.नं. ७. चन्दननाथ नगरपालिका विपद् व्यवस्थापन समितिको मिति २०७६/११/१२ को निर्णय नं.५ अनुसार यस चन्दननाथ नगरपालिका वडा नं.२ स्थित विष्णु बहादुर भण्डारीको घरमा मिति २०७६/०८/०८ गते आगलागि भई घर पूर्णरूपमा जलि ठूलो आर्थिक तथा धनमाल नोक्सान भएकोले आवश्यक राहतको लागि जिल्ला विपद् व्यवस्थापन समिति मार्फत प्रदेश विपद् व्यवस्थापन समितिमा आवश्यक सहयोगको लागि सिफारिश गर्ने निर्णय गरियो।

नि.नं. ८. जुम्ला जिल्लालाई COVID-19 मूक्त बनाउन अहोरात्र क्रियाशिल रही योगदान पु-याउने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र संचारकर्मीलाई हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो। साथै सबै पालिका, जनप्रतिनिधिहरू, राजनीतिककर्मी, राष्ट्र सेवक कर्मचारी, समाजसेवी, सबै सरोकारवाला वर्ग तथा निकायहरू र सर्वसाधारण नागरिकलाई समेत धन्यवाद दिदै आगामी दिनमा सहकार्यको लागि एकजुट हुँदै विपद् प्रतिकार्यको लागि हातेमालो गर्न समेत आव्हान गरियो।

नि.नं. ९. यस जिल्लामा कोभिड-१९ समूदायस्तर फैलावटको आशंका बढेको प्रत्येक स्थानीय तह पूर्वतयारी, रोकथाम र नियन्त्रण गर्न सचेतना फैलाउन र आईसोलेशन वेड तयार गर्ने लगायतको कोभिड-१९ Response Plan तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय, सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

नि.नं. १०. यस वर्षको मनुसुनबाट पातरासी /तिला /तातोपानी गाउँ पालिकामा भएको क्षतिको तथ्यांक संकलन गरी आवश्यक क्षतिपूर्तिको लागि प्रदेश विपद् व्यवस्थापन समिति तथा राष्ट्रीय विपद् जोखिम न्यूनीकरण प्राधिकरणमा सिफारिश गर्ने निर्णय गरियो ।